# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, मंसीर ७ गते २०५५ साल (अतिरिक्ताङ्क ५२(क)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

मूल्य अभिवृद्धि कर (पहिलो संशोधन) नियमावली, २०५५

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर (पहिलो संशोधन) नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा संशोधनः मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ६ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा पैंतालीस लाख रुपैयाँसम्मको कारोबार गर्ने व्यक्तिले आफ्नो कारोबार दर्ता गराउनु पर्ने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

656

तर नेपाल अधिराज्यभित्र व्यापारिक प्रयोजनको लागि एक पटकमा दुई लाख रूपैयाँ भन्दा बढी वा वार्षिक बाह्र लाख रूपैयाँ भन्दा बढी पैठारी मूल्यको वस्तु भारत र तिब्बतबाट आयात गर्ने व्यक्तिले आफ्नो कारोबार दर्ता गराउनु पर्नेछ ।"

(२) उपनियम (१) पछि देहायका उपनियम (१क.), (१ख.) र (१ग.) थपिएका छन्:–

"(१क.) भारत र तिब्बतबाट व्यापारिक कारोबार गर्न चाहने व्यक्तिले प्राप्त गरेको आयकर दर्ता प्रमाणपत्रमा भारत र तिब्बतबाट व्यापारिक कारोबार गर्ने व्यहोरा स्पष्ट रूपमा उल्लेख भएको हुनु पर्नेछ । यसरी कारोबार गर्ने व्यक्तिले प्राप्त गरेको आयकर दर्ता प्रमाणपत्रमा भन्सार अधिकृतले आयात गरेको वस्तुको विवरण, मूल्य र आयात गरेको मिति समेत जनाउनु पर्नेछ ।

(१ख.) भारत र तिब्बतबाट व्यापारिक कारोबार गर्ने व्यक्तिले त्यसरी कारोबार गर्दा अग्रिम आयकर बापत पाँच प्रतिशतका दरले हुने रकम भन्सार कार्यालयमा बुझाउनु पर्नेछ ।

(१ग.) यस नियममा माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आयकर दर्ता प्रमाणपत्र नलिई एक पटकमा तीन हजार रूपैयाँसम्मको पैठारी मूल्यको वस्तु भारत र तिब्बतबाट आयात गर्न पाउनेछ" ।

३. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को उपनियम (१) र (२) मा रहेका "दश लाख" भन्ने शब्दहरूको सट्टा "पैंतालिस लाख" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम २६ मा संशोधन : मूल नियमावलीको नियम २६ को उपनियम (३) मा रहेका "दश लाख" भन्नेको शब्दहरूको सट्टा "पैंतालिस लाख" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
658